# गाउँसभामा गाउँपालिका अध्यक्ष श्री कर्ण बहादुर कुंवर द्वारा प्रस्तूत बर्दगोरिया गाउँपालिकाको आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम

## बर्दगोरिया गाउँपालिकाको १४ औं गाउँ सभा
## आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम
## मिति २०८१/०३/०९ गते

१४औं गाउँसभाका आदरणीय सभाध्यक्ष ज्यू,
सम्पूर्ण गाउँसभाका सदस्य ज्यूहरु,
उपस्थित गाउँपालिकाका कर्मचारी साथीहरु,
सुरक्षा कर्मी लगायत पत्रकार मित्रहरु र उपस्थित अन्य सबै महानुभावहरु।

सर्वप्रथम, यस बर्दगोरिया गाउँपालिकाको गाउँसभाको १४औं अभिवेशनमा यहाँहरुलाई हार्दिक स्वागत गर्दछु। सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात प्राप्त उपलब्धीका रुपमा स्थानीय सरकार गठन भै स्थानीय तहको दोस्रो निर्वाचन पश्चात पाँचौ तथा बर्दगोरिया गाउँपालिकाको १४औं गाउँसभा समक्ष अगामी आर्थिक बर्ष २०८१/०८२ को बार्षिक नीति तथा कर्यक्रम प्रस्तुतीका लागि यहाँहरु सामु उपस्थित हुन पाउँदा खुशी लागेको छ।

यस गाउँसभाको महत्वपूर्ण घडीमा मुलुकको शासन प्रणाली र सामाजिक रुपान्तरणका लागि भएका ऐतिहासिक जनआन्दोलन तथा संघर्षहरुमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जलि अर्पण गर्नुका साथै सहिद परिवारजनमा उच्च सम्मान प्रकट गर्दछु। मुलुकको सार्वभौमिकता, स्वाधिनता, अखण्डता तथा स्वाभिमानको रक्षा गर्दै राष्ट्रिय एकता लोकतन्त्र, सामाजिक न्याय, समानता, विकास, सम्वृद्धि, सुशासन र समतामूलक राष्ट्र निर्माणका लागि संघर्ष गर्नुहने जनआन्दोलनका घाइते तथा बेपत्ता नागरिक एवम् अन्य सम्पूर्ण नेपाली नागरिक र नेत्रित्व गर्नुहुने आदरणीय अग्रज व्यक्तित्वहरुको योगदानको स्मरण गर्न चाहन्छु।

बर्दगोरिया गाउँपालिकाको १४औं गाउँ सभा सम्म आइपुग्दा हामी जनप्रतिनिधिहरुको २ बर्षे कार्यकाल पुरा भएको छ। २ बर्षको अवधिमा हामीलाई जनताले सुम्पिएको जिम्मेवारीलाई इमान्दारी पूर्वक पूरा गर्नका लागि भूमिका निर्वाह गर्दै आइरहेका छौं। सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका बासिको समृद्धिको चाहना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरू प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरू पुरा गर्ने दिशामा हामीले अगामि आ.व. २०८१/८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दिगो विकासको राष्ट्रिय लक्ष्यहरूको स्थानियकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशिल तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासिल गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारीमा विकास गरिने लक्ष्य लिइएको छ।

यस गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने उद्देश्यका साथ अघि बढ्दै दलित भुमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बसोवासिहरुको वैज्ञानिक व्यवस्थापन गर्ने कार्य अघि बढिरहेको, स्वच्छ, सफा, सुन्दर र उज्यालो युक्त गाउँपालिकाको रुपमा पहिचान कायम राख्दै र योजनावद्ध शहरीकरण

तथा वस्ति विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरूको रुपमा अगाडी बढाउदै लाने बिस्वास लिएको छु।

**आदरणीय सभाध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु,**

अब म गाउँसभा समक्ष आगामी आ.व.२०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

- ❖ नेपालको संविधानको अनुसूचि ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको नीति तथा निर्देशक सिद्धान्तहरु,
- ❖ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- ❖ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, २०७४,
- ❖ सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ का सान्दार्भिक दफा तथा नियमहरु,
- ❖ स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८,
- ❖ बर्दगोरिया गाउँपालिकाबाट जारि गरिएका नीति तथा कानुनहरु,
- ❖ नेपाल सरकार तथा प्रदेश सरकारले अंगिकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- ❖ स्थानीय सरकार संचालन ऐन, २०७४,
- ❖ १५औं योजनाले लिइएका लक्ष्य नीति तथा प्राथमिकताहरु,
- ❖ राजनीतिक दलबाट प्राप्त सुझावहरु,
- ❖ राजश्व परामर्श समितिको प्रतिवेदन एवं सिफारिस,
- ❖ स्रोत तथा बजेट सिमा निर्धारण समितिको स्रोत तथा बजेट अनुमानहरु,
- ❖ बजेट तथा योजना तर्जुमा समितिले दिएका सिफारिसहरु,
- ❖ बर्दगोरिया गाउँपालिकाका विभिन्न विषयगत समितिका सिफारिसहरु,
- ❖ नेपाल सरकारले प्रतिवद्धता जनाएको दिगो विकासका लक्ष्यहरु,
- ❖ बर्दगोरिया गाउँपालिकाको चालु आवधिक योजना,
- ❖ विगतका बर्षहरुमा सम्पन्न भएका गाउँ सभा बैठकहरुबाट भएका निर्णयहरु,
- ❖ नेपाल सरकार र सुदूरपश्चिम सरकारको आ.व.२०८१/०८२ को बजेट वक्तव्य,

**आगामी आ.व. २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रहरु निम्नानुसार रहेका छन् ।**

१. कृषि उत्पादन, उत्पादकत्व अभिवृद्धि तथा व्यवसायीकरण
२. गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानी
३. युवा, खेलकूद तथा रोजगारी
४. आर्थिक विकास तथा राजश्व परिचालन
५. सूचना प्रविधि तथा संचार

६. सामाजिक विकास तथा गरीबि निवारण

७. दिगो पूर्वाधार निर्माण तथा विकास

८. मानव संसाधन विकास तथा संस्थागत सुशासन।

## चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण भौतिक उपलब्धि

१. १५ शैयाको अस्पताल निर्माण भै संचालनमा आएको तथा स्वास्थ्य बीमा कार्यक्रम पनि लागू भएको।

२. बर्दगोरिया गाउँपालिकाले आफ्नै भवन निर्माण गरी सोहि भवनबाट सेवा प्रवाह भैरहेको।

३. ५ वटा वडाहरुमा गाउँपालिकाको आफ्नै भवन निर्माण भै वडा कार्यालय संचालनमा आएको र ३ नं. वडाको भवन निर्माण कार्य अन्तिम चरण रहेको।

४. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको नापनक्सा सम्पन्न भै लालपूर्जा वितरण गर्ने कार्य शुभारम्भ भएको।

५. माध्यमिक तह सम्म पूर्णरुपमा निःशुल्क शिक्षाको सुनिश्चितता गरिएको छ।

६. उज्यालो गाउँपालिका अभियान अन्तर्गत राजमार्ग क्षेत्र र मुख्य-मुख्य वडाका चोकहरुमा हाइमास्क लाइट जडान गरिएको।

७. त्रि.वि.वि.बाट सम्बन्धन प्राप्त गरी यस गा.पा.को एकमात्र क्याम्पस बर्दगोरिया कलेज संचालनमा आइ पठन-पाठन शुरुवात भएको।

८. पानी पीच कार्यलाई पालिकाकै सवारीसाधन प्रयोग गरी ६ वटै वडाहरुमा द्रुत गतिमा संचालन गरिएको।

९. हाल सम्म सवै वडाहरुमा २५ कि.मी.पानी पीच कार्य सम्पन्न भएको।

१०. हाल सम्म सबै वडाहरुमा३४.३ कि.मी.सडक कालोपत्रे कार्य सम्पन्न भएको।

११. गत वर्ष देखि संचालनमा रहेको दोदोधरा अस्पतालमा आँखा उपचार केन्द्र स्थापना र पोष्टमार्टम सेवा संचालनको तयारी अन्तिम चरणमा रहेको।

१२. संघीय सरकारको लगानी रहेको काँडा नदीमा पुल निर्माण कार्य सम्पन्न भै संचालनमा आएको र कुइरा नदीमा पक्की पुल निर्माणको कार्य जारी रहेको।

13. बर्दगोरिया गाउँपालिकाको आवधिक योजना तर्जुमा कार्य सम्पन्न भै लागु हुने चरणमा रहेको छ।

१४. वडा नं. २ मा रहेको सहारा घरको निर्माण कार्य अन्तिम चरणमा रहेको।

१५. यस गाउँपालिकाले १८ वटा ऐन, २६ वटा नियमावली र २० वटा कार्यविधिको निर्माण कार्य सम्पन्न भएको।

१६. प्रदेश सरकार र RDN संस्थाको साझेदारीमा बर्दगोरिया गाउँपालिकाको वडा नं. ४ दानुफाँटामा मुक्त कमैयाहरुको लागि १२ वटा सुरक्षित आवास निर्माण कार्य सम्पन्न भएको।

१७. यस बर्दगोरिया गाउँपालिकामा हाल सम्म २ वटा झुलुङ्गे पुल निर्माण सम्पन्न भै संचालनमा आएको र १ वटा निर्माणाधिन अवस्थामा रहेको।

१८. काँढा र कुइरा नदीमा १ कि.मी. तटबन्धन कार्य सम्पन्न भएको।

१९. गत बर्ष २ वटा विद्यालय भवन निर्माण भएको।

२०. प्रदेश सरकारको सहकार्यमा वडा नं. ५ र ६ जोड्ने घैला नालामा पुल निर्माण कार्य सम्पन्न् भएको।

२१. हाल सम्म गाउँपालिकामा २५ कि.मी. कृषि सडक निर्माण भएको।

२२. राजश्व सुधार कार्ययोजना निर्माण कार्य अन्तिम चरणमा रहेको।

२३. बर्दगोरिया गाउँपालिकामा विभिन्न वडाहरुमा हाल सम्म २०० हेक्टर भन्दा बढी भूमिमा भुमिगत सिंचाई सुविधा पुगेको ।
२४. बर्दगोरिया गाउँपालिका अन्तर्गत सडकपुर बौनियाँ खानेपानीबाट करिब ११५० घर परिवारलाई शुद्ध खानेपानी पुगेको ।

**सभाध्यक्ष महोदय,**

यसै क्रममा अब म अगामी आ. व. २०८१-८२ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. शिक्षा

१. विद्यालयमा भर्ना दर शतप्रतिशत तथा विद्यालय छोड्ने दर शुन्यमा झार्न Happy स्कुलको अवधारणा कार्यान्वयन गरिने छ।
२. विद्यालयमा दिवा खाजा कार्यक्रमलाई गुणस्तरिय बनाउनका लागि विभिन्न निकाय सँगको समन्वयमा किचन निर्माण कार्य संचालन गरिने छ।
३. शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।
४. गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिने छ। त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ।
५. बर्दगोरिया कलेजको पूर्वाधार विकास तथा शैक्षिक गुणस्तर वृद्धिको लागि आवश्यक पहल गरिने छ।
६. गाउँ शिक्षा समिति र वडा शिक्षा समितिको क्षमता विकास गरिने छ।
७. सामुदायीक विद्यालयहरुको भवन रंङरोगन तथा मर्मत सम्भार गरिने छ।
८. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई निजी विद्यालय सरह सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिने छ।
९. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिने छ।
१०. संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिने छ।
११. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिने छ।
१२. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।
१३. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी

उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) लाई प्रभावकारी रुपमा लागु गर्ने नीति अवलम्बन गरिने छ।

१४. गाउँपालिका अध्यक्षकप खेलकुद कार्यक्रम संचालन कार्यलाई निरन्तरता दिइने छ।

१५. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागी विद्यार्थी/खेलाडी छनौट प्रक्रिया प्रभावकारी बनाइने छ।

१६. अन्तर विद्यालय खेलकुद प्रतियोगिताबाट प्रतिभावान खेलाडी छनौट गरी राष्ट्रिय अन्तराष्ट्रिय खेलमा सहभागी हुन प्रोत्साहनमूलक कार्यक्रम ल्याइने छ।

१७. सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनिटरी प्याडको व्यवस्था गरिने छ।

१८. मुक्त कमैयाहरुका बालबालिकाहरुलाई कक्षा १२ सम्म निःशुल्क शिक्षाको प्रबन्ध गरिने छ।

१९. आधारभूत तह कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम **"हाम्रो बर्दगोरिया"** को आधारमा १ देखि ८ सम्मका लागि स्थानीय पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयनमा ल्याइने छ।

## ख. भाषा, संस्कृति तथा ललितकलाको संरक्षण, सम्बर्द्धन र विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिका क्षेत्र भित्र रहेका मठ, मन्दिर, चर्च लगायत सम्पूर्ण धार्मिक क्षेत्रलाई संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन र प्रचार प्रसार गरिने छ। यी क्षेत्रको विकासको लागि आवश्यक नीति बनाइ लागु गरिने छ।

२. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरूमा विविध जातीय भेषभुषा, कला, साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइने छ।

३. बर्दगोरिया गाउँपालिकाको पर्यटकीय क्षेत्र, संस्कृति, परम्परा र संरचनालाई समावेश गरेर फिल्म छायाङ्कन, डकुमेन्ट्रि निर्माण गर्नेहरूलाई गाउँपालिकाको तर्फबाट आवश्यक सहयोग उपलब्ध गराइने छ।

४. गाउँपालिका क्षेत्र भित्र आपसी सामाजिक सदभावलाई सुढृढ तुल्याउन सांस्कृतिक पर्वहरू माघी मिलन, होली मिलन, गौरा पर्व, तीज, अटवारी, तमुलोह्सार, ख्रीष्टमस, नेपाल सम्वत, मकर सक्रान्ति आदि पर्वलाई संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन र विकास गर्न आवश्यक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिका खेलकुद विकास समिति गठन गरी विभिन्न खेलकुद कार्यक्रम संचालन गरिने छ।

२. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिने छ।

३. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तर्गत समावेश भएका नव प्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम सँग आवद्ध गरिने छ।

४. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिने छ।

५. विपन्न, गरीब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, व्यावसायिक पशुपालन तथा तरकारी खेती जस्ता तालीमहरु प्रदान गरी गरीबि न्यूनिकरण र जिविकोपार्जनमा सहजिकरण गरिने छ।

६. गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिने छ।

७. यूवा क्लव गठन तथा नमूना संवाद अभ्यास, युवामैत्री शासनका लागि मुद्दामा बहस पैरवी कार्यक्रम संचालन गरिने छ ।

८. युवाहरुका लागि प्राविधिक तथा व्यवसायिक तालिम र उद्‌मशिलताको विकास गरिने छ।

९. युवाहरुमा बढिरहेको लागू औषध दुर्व्यसनीको रोकथामको लागि सचेतना मूलक कार्यक्रम संचालन गरिने छ ।

## घ. लैङ्‌गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

१. लैङ्‌गिक विभेद अन्त्य गर्दै लैङ्‌गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिने छ।

२. अपाङ्‌गता भएका व्यक्तिहरुका लागि जिविकोपार्जनको लागि सीप तथा व्यवसायमुलक कार्यक्रम गरिने छ ।

३. ज्येष्ठ नागरिक परिचय-पत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनुको साथै सम्मान गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

४. “**हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान”** अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिने छ।

५. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिने छ।

६. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिने छ।

७. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिने छ।

८. गाउँपालिकाका बालमैत्री घोषणा हुन बाँकी सबै वडाहरुलाई आ. व. २०८१/८२ भित्र बालमैत्रि वडा घोषणा गर्ने कार्य सम्पन्न गरिने छ।

९. बालबालिकाहरुको हक अधिकार तथा क्षमता विकास सम्बन्धि कार्यक्रमहरु सञ्चालन  गरिने छ ।

१०. बालविवाह, बहुविवाह, बालश्रम शोषण, छाउपडि प्रथा, लागु पदार्थ दुरव्यसनि लगायत समाजमा बिकृति फैलाउने किसिमका सबैखाले कुरितीहरु न्युनिकरणका लागी सचेतनामुलक कार्यक्रम संचालनमा जोड दिने नीति लिइने छ ।

११. सार्वजनिक सेवामा महिला र लैङ्‌गिक तथा यौनिक अल्पसंख्यक समुदायको प्रतिनिधित्व बढाउनको लागि लोकसेवा तथा शिक्षक सेवा आयोगको तयारी कक्षा संचालन गरिने छ।

१२. किशोरीहरुलाई आत्मरक्षा सम्बन्धी तालिम दिइने छ ।

१३. असहाय तथा अभिभावक विहिन बालबालिकाहरुको हकहित तथा संरक्षणको लागि बालकोषको स्थापना गरिने छ ।

१४. अपाङ्‌गता भएका व्यक्तिहरुका लागि सहायक सामाग्रीहरु वितरण गरिने छ ।

१५. लैङ्‌गिक समानता तथा सशक्तिकरणका लागि सासु-बुहारी अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ।

## ङ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

१. यस बर्दगोरिया गाउँपालिका अन्तर्गत संचालनमा रहेको १५ शैया दोदोधरा अस्पतालमा स्वाथ्य विमा सेवा, अत्याधुनिक ल्याब सेवा र २४ सै घण्टा आकस्मिक, फार्मेसी तथा प्रसुती सेवा संचालनमा आईरहेको व्यहोरा सहर्ष जानकारी गराउदै, आ.व. २०८१/०८२ मा यस अस्पतालमा विशेषज्ञ चिकित्सक सहित सामान्य सर्जरी सेवा, आँखा उपचार सेवा, दाँत उपचार सेवा र आवस्यक पूर्वाधार तथा दक्ष जनशक्ति सहितको पोस्ट मार्टम (Post Mortem) सेवाहरु विस्तार गरिने छ | यसका लागी आवश्यक पर्ने अत्यावश्यकीय भौतिक पूर्बधारको निर्माण, औजार, उपकरण र विशेषज्ञ चिकित्सक सहितको जनशक्ति व्यवस्थापन गरिने छ |

२. जनताको स्वस्थ जीवनयापन गर्न पाउने अधिकारलाई सुनिश्चितता गर्न स्वास्थ्य संस्था व्यवस्थापन र आधारभूत अस्पताल संचालनका लागि विभिन्न महामारी एवम् सरुवा र नसर्ने रोगहरुको आपतकालीन अवस्थामा बजेटको अभाव हुन नदिने नीति अवलम्बन गरिने छ | संक्रामक रोगहरुको संक्रमण रोकथाम तथा न्यूनिकरण गर्ने नीतिलाई उच्च प्राथमिकता दिईनेछ | विभिन्न महामारी रोगहरुबाट हुन सक्ने असरलाई रोकथाम गर्न र दैवीप्रकोपको क्षति पश्चात हुन सक्ने महामारीको समयमै उचित व्यवस्थापनका लागि पालिका स्तरमा गठन भएको विपद व्यवस्थापन कोषमा आवश्यक बजेट बिनियोजन गरी थप प्रभावकारी बनाइनेछ |

३. सबै नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ तरीकाले प्रवाह गर्न वडा स्तरमा संचालनमा रहेका आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुमा थप जनशक्तिको व्यवस्थापन,भौतिक पूर्वाधार तथा आवस्यक औषधि उपकरणको व्यबस्थापन गरी जनताको घरदैलोमै स्वास्थ्य सेवाको पहुँच विस्तार गरिने छ | साथै उक्त सस्थाहरुबाट प्रदान गरिने सम्पूर्ण सेवाहरु निशुल्क गर्ने व्यवस्था मिलाइने छ |

४. सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्यमा सुधार ल्याउन र मृत्युदरमा कमी ल्याउन र शुन्य होम डेलिभरी भएको पालिका बनाउन स्थापना भएका बर्थिंग सेन्टरहरुलाई आवश्यकताक आधारमा सुदृढिकरण गरि आवश्यक औजार, उपकरणको व्यवस्था गरिने छ र सबै वडाका गर्भवतीहरुलाई पालिका भित्रका बर्थिंग सेन्टरहरुमा सुत्केरी हुन सहजताका लागि निशुल्क एम्बुलेन्स सेवाको व्यवस्था मिलाइने छ |

५. गर्भवती तथा सुत्केरी जाँच सेवामा वृद्धि गर्न र संस्थागत प्रसूति सेवा बढाउन नियमित आइरन चक्की आपूर्तिको व्यवस्था मिलाइनेछ | साथै १००० दिने आमाहरुको पोषण स्थितिमा सुधार ल्याउन "अध्यक्ष संग १००० दिने आमाहरुको पोषण सुधार कार्यक्रम" लागु गरिने छ |

६. कुपोषित बालबालिकाहरुको लागी वडा स्तरमा रहेका सबै स्वास्थ्य संस्थाहरुमा उपचार केन्द्र (ओ टी सी) स्थापना गरी उपचार गर्ने व्यवस्था मिलाइने छ | पोषण स्थितिमा सुधार ल्याउन कुपोषित तथा उमेर अनुसार उचाई र तौल कम भएका बालबालिकाहरुलाई नियमित स्वास्थ्य जाँच , वृद्धि अनुगमन तथा स्वास्थ्य शिक्षा र अन्य जनचेतना मूलक कार्यहरुमा तीब्रता दिइनेछ | स्वस्थ बच्चा प्रतिस्पर्धा , पोषिलो जाउलो प्रबर्धन जस्ता कार्यक्रमहरु संचालनमा ल्याइने छ|

७. जेष्ठ नागरिकहरुको आँखा जाँच, महिलाहरुको आङ खस्ने र तल्लो पेट सम्बन्धि समस्या, पाठेघर मुखको क्यान्सर, अपाङ्गता भएका ब्यक्तिहरुको स्क्रिनिंग र अप्रेशन लगायत सिकलसेल र आवश्यकता अनुसार अन्य स्वास्थ्य शिविर संचालन गरिने छ जसले गर्दा स्वास्थ्यमा पहुँच नभएका जनताहरु प्रत्यक्ष्य लाभान्वित हुने छन |

८. जेष्ठ नागरिकहरुको रगत जाँच, ब्लड प्रेसर, सुगर जस्ता स्वास्थ्य समस्याहरुको निदान एबम् उपचारका लागि टोल-टोलमा आवश्यक स्वाथ्यकर्मी खटाई "अध्यक्ष सँग जेष्ठ नागरिक कार्यक्रम" लागु गरिने छ |

९. महिला स्वास्थ्य स्वयं सेविकाहरुको कामको उच्च मूल्यांकन गर्दै उचित सम्मान गरिनुको साथै थप प्रोत्साहनको व्यवस्था गरिने छ |

१०. एच.आई.भी.संक्रमित बालबालिकाहरुलाई आवस्यक प्रोत्सहान कार्यकम लागु गरिने छ|

११. सबै बर्थिंग केन्द्र बाट गुणस्तरीय प्रसुती सेवा प्रदान गर्न दक्ष प्रसुती कर्मी (SBA) तालिमको ब्यवस्था गरिने छ | सो का लागि आगामी आर्थिक बर्षमा कम्तिमा ५ जना नर्सिंग कर्मचारीहरुलाई तालिमको व्यवस्था गरिने छ |

१२. जेष्ठ नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइने छ।

१३. नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज तुल्याइने छ।

१४. एक वडा एक एम्बुलेन्स संचालनमा ल्याइने नीति ल्याईने छ।

१५. सार्वजनिक स्थलमा धुम्रपान गर्न निषेध गर्ने व्यवस्था तथा सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने ऐन निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने प्रबन्ध मिलाइने छ ।

१६. गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा निःशुल्क रुपमा कम्तिमा पनि पाँच वटा परिवार नियोजनका साधनहरु (कण्डम, पिल्स, डिपो, इम्प्लान्ट, आइ.यु.डि) को उपलब्धता सुनिश्चतता गर्दै लगिने छ ।

१७. आयुर्वेद तथा बैकल्पिक चिकित्सालाई विस्तार गर्दै लगिने छ ।

१८. शारीरिक, मानसिक र संवेगात्मक स्वास्थ्य प्रवर्द्धनका लागि प्रत्येक वडाका सार्वजनिक स्थलहरुमा योग ध्यान कार्यक्रम संचालन गरिने छ ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. औधोगिक तथा ब्यावसायिक विकासका लागि गाउँपालिका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ। औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइने छ।

२. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइने छ ।

३. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति निइने छ।

४. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिने छ।

५. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिने छ।

६. विभिन्न जातजातिको जातजातिपरम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिने छ।

७. विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई होमस्टे सहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादन पाहुनाको रुपमा राख्न घर छनौट गरि कार्यक्रम लागु गर्न जोड दिइने छ।

८. मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न तथा नागरिक लाइ सूचनाको प्रत्याभुति गराउने गरि उक्त कार्य अगाडी बडाउने लक्ष लिएको छु ।

९. डिजिटल डिस्प्ले/ विलवोर्ड को व्यवस्था गरि गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र व्रोशरहरुको वितरण गरिने छ।

१०. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिने छ।

११.भलमन्सा तथा बडघरको प्रथाजन्य चलन रहेको हुदाँ उनीहरुको हक र अधिकारको अनुभुति गर्दै भलमन्सा तथा बडघरलाई परिचयपत्र दिने व्यवस्था गरिने छ ।

१२.विभिन्न जातजातिको चाँडपर्वलाई मध्यनजर गर्दै स्थानीय विदा दिने व्यवस्था गरिने छ । साथै चालचलन र रीतिरिवाज अनुसार संस्कार संस्कृतिलाई प्रवद्धन गरिने छ ।

**ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

१. बर्दगोरिया गाउँपालिकाबाट गत विगतमा वितरण गरिएका कृषी यन्त्र तथा उपकरणहरुको प्रभावकारी उपयोग भए नभएको अनुगमन गरिने छ।

२. रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ। गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइने छ।

३. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माणमा बिशेष जोड दिइने छ ।

४. मासु पसललाई स्वास्थ्य मापदण्डमा आधारित तुल्याइने छ ।

५. तरकारी उत्पादनको लागि ब्यावसायिक, करेसावारी, बगरखेती, करार खेती र कौशी खेतीको लागि तालिम, प्रविधि र लगानीको ब्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिने छ ।

६. पशु पंक्षी तथा पशु जन्य उत्पादन का लागी ब्यबसायीक रुपमा गाई, भैसी, बाख्रा ,बंगुर , कुखुरा तथा माछा पालन मा जोड दिईने छ ।

७. पशु जन्य उत्पादन को बजारीकरण का लागी मासु पसल तथा डेरी पसल सुधर मा जोड दिईने छ ।

८. पशु हाटबजार संचालनका लागी आवश्यक पहल गरिने छ ।

९. पशु आहार, पशुसेवा प्रसार, पशु रोग नियन्त्रण कार्यक्रमहरुलाई प्रार्थमिकता दिइने नीति लिएको छु ।

१०. बर्दगोरिया गा.पा. वडा नं. २ मा रहेको हाटबजारलाई थप व्यवस्थित बनाइने छ।

११.बर्दगोरिया गाउँपालिका क्षेत्र भित्र उत्पादन भएका तरकारी फलफूल तथा अन्य उपज ढुवानीका लागि गाउँपालिकाबाट कृषी एम्बुलेन्सको व्यस्था गरिने छ।

१२.आलुको विउ उत्पादन र भन्डारणमा अनुदानको व्यवस्था गरिने छ। उन्नत तथा थारु आलु उत्पादनको लागि आलु उत्पादन पकेट क्षेत्र विकास कार्यक्रम लागु गरिने छ।

१३. माछा पालनको क्षेत्र विस्तार तथा गाउँपालिका क्षेत्र भित्र रहेका प्राकृतिक ताल तलैयाको संरक्षण र व्यवस्थापन गरी माछाको उत्पादकत्व वृद्धी गरिने छ।

१४. उपभोक्तालाई गुणस्तरीय दुध, माछा र मासु उपलब्ध गराउन पशुजन्य पदार्थको बजार प्रवर्धन गरिने छ।

१५. सामुदायिक चौपायाहरूको व्यवस्थापन, उपचार र भ्याक्सिनेसन कार्यलाई निरन्तरता दिइनेछ।

१६. पशु पंक्षी पालन गर्दा कृषकहरूलाई हुने आर्थिक क्षति न्यूनिकरण गर्न पशुपंक्षी बिमा सम्बन्धी चेतनामुलक कार्यक्रमलाई प्रभावकारी ढंगबाट संचालन गरिने छ।

१७. कृषकहरूले सहज रुपमा समयमै रसायनिक मल प्राप्त गर्ने वातावरण मिलाउन रासायनिक मल वितरक कम्पनी तथा विक्रेताहरू संग समन्वय गरिने छ।

१८. खाद्यान्न बालीको विउ सहज रुपमा उपलब्ध गराउन विउ उत्पादन कार्यक्रम संचलान गरिने छ र उन्नत विउ प्रयोगमा प्रोत्साहन अनुदानका साथै स्थानीय स्तरमा संचालनमा रहेका विउ उद्योगहरूलाई हाइब्रिड विउ उत्पादन गर्न अनुदानको व्यवस्था गरिने छ।

१९. उन्नत प्रविधिको प्रयोग मार्फत उत्पादन वृद्धी गर्न व्यवसायीक तालिम, गोष्ठी र कृषि भ्रमण कार्यक्रम संचालन गरिने छ।

२०. कृषि बिमा सम्बन्धी जानकारीमुलक कार्यक्रम व्यापक रुपमा संचलान गरिने छ।

२१. तरकारी खेतीमा विषादीको बढ्दो प्रयोग कम गेन विषादीको प्रयोगबाट हुने नकारात्मक असर, विषादीको सुरक्षित प्रयोगबारे जनचेतनामूलक कार्यक्रम तथा आई.पि.एम. कृषक पाठशाला सञ्चालन गरिने छ। रोग र किराहरुको स्थलग रुपमा व्यवस्थापन तथा रोकथाम बाली उपचार शिविर सञ्चलान गरिने छ। तरकारीको नमूना सङ्कलन गरी विषादी परीक्षण गर्न गाउँपालिका स्तरीय प्रयोगशाला स्थापना गरिने छ।

२२. यस गउँपालिका भित्र  संचालन भइ रहेको कृषि उत्पादनको बजारिकरण, भण्डारण, प्रशोधन गर्नको लागी कोल्ड स्टोर र कोल्ड च्याम्बरको व्यावस्था गरिने छ ।

२३. फलफुल बगैचा स्थापना अन्तर्गत आँप,केरा, लिचि, कटहर, आदी फलफुलको बगैचा र नर्सरी स्थापना गरीने छ ।

२४. पुष्प नर्सरी स्थापना  पुष्प व्यावसायीक खेती प्रवर्धनमा जोड दिने छ ।

२५. कृषि उत्पादन वृदी गर्न कृषकहरुलाई ५०% मुल्य अनुदानमा आधुनीक कृषि औजार, वितरण गरिने छ ।

२६. बर्दगोरिया गाउँपालिकाको प्रत्येक वडामा वाली विकास कार्यक्रम संचालन गरि एक टोल एक उत्पादन कार्यक्रम संचालन गरिने छ ।

२७. यस गाउँपालिका भित्र संचालनमा रहेका कृषि फर्महरुको प्रवर्धन गर्नको लागी सिंचाई मिटर मार्फत सिंचाई शुल्कमा ५०% रकम व्यहोर्ने व्यावस्था गरिने छ ।

२८. जलवयू मैत्री खेती प्रविधी विस्तारमा जोड दियिने छ ।

२९. कृषि प्रविधीको प्रचार प्रसार ( विभिन्न प्रदर्शनहरु) गर्नको लागी पालिका स्तरिय कृषि फर्म स्थापना गरी ५ विगाहा क्षेत्रफलमा कृषि प्रविधी अध्ययन केन्द्र स्थापना गरिने छ ।

३०. मुक्त कमैया, दलित, एकल महीला, अपांग, असक्त व्याक्तीहरुको जिवीकोपार्जन र आयआर्जनको लगी निशुल्क विउविजन उपलव्ध गराइने छ ।

३१. मौरी पालान व्यवसाय संचालन गरि रहेका तथा व्यवसाय संचालन गर्न चाहाने कृषकको लागी आवश्यक सामाग्री ५०% मुल्य अनुदानमा उपलव्ध गराइने छ ।

३२. कृषि उत्पादनको वजारीकरणको लागि प्रत्येक वडामा तरकारी संकलन केन्द्र/ कृषक चौतारी स्थापना गरिने छ ।

३३. एक वडा एक बगैचा निर्माण कार्यलाई अगाडी बढाइने छ।

**ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१. लघुवित्त तथा सहकारी संस्थाको अनुगमन कार्यलाई गम्भिर्यताका साथ अगाढी बढाइनेछ।

२. सहकारी क्षेत्रको सहकारी दर्ता, खारेजी तथा अनुदान वितरण सम्बन्धि मापदण्ड सहितको कानुन निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

३. लघुवित्त तथा सहाकारी संस्था संग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ।

४. सबै परिवारलाई सहकारीमा पहुच हुने गरी सहकारी संस्थाको व्यवस्था, नियमन, संरक्षण र प्रवर्धन कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।

५. नयाँ सहकारी संस्था दर्ता गर्नु भन्दा कार्य प्रकृतिका आधारमा एकीकरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

६. सहकारी संस्थाका सञ्चालक तथा कर्मचारीहरूको क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिने छ।

७. सबै सहकारी संस्थाहरूलाई सहकारी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) मा आबद्ध गरिने छ ।

८. पालिका क्षेत्र भित्रका उत्कृष्ट सहकारीहरूलाई प्रोत्साहन गर्दै लगिनेछ ।

९. सहकारी संघ संस्थालाई स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगको प्रवर्द्धन, स्थानीय उत्पादनको भण्डारण, प्रशोधन, प्याकेजिङ र बजारीकरणका लागि प्रोत्साहन गरिने छ।

**घ. श्रम रोजगार सम्बन्धी नीति तथा कार्यक्रम**

१. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट नेपालको संविधान २०७२ मा रहेको मौलिक हक अन्तर्गत "रोजगारीको हक" र सो सम्बन्धी ऐन, नियमावली तथा निर्देशिका कार्यान्वयनमा विशेष जोड दिइने छ।

२. स्थानीय स्तरमा सीप विकास, उद्यमशीलता, रोजगारीको तथ्यांक संकलन र विश्लेषण गरि रोजगारीका अवसरको पहिचान गरिने छ ।

३. बेरोजगार युवायुवतीहरुका लागि रोजगारमुलक र सीपमुलक तालीम संचालन गरि दक्ष र सक्षम जनशक्ति विकास गरि आन्तरिक रोजगारीको विस्तार गरिने छ।

४. युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमुलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरूलाई प्रोत्साहित गरिने छ ।

५. बर्दगोरिया गाउँपालिका रोजगार रणनीति निर्माणको कार्यलाई पूर्णता दिदै रोजगार सेवा लाई थप व्यवस्थित गरिने छ ।

६. "श्रमलाई सम्मान, बर्दगोरियाको अभियान" भन्ने नाराकालाई सार्थक बनाउन श्रमिकलाई सम्मान तथा पुरस्कृत गरिने छ।

७. संघ सरकार बाट सुचिकृत बेरोजगारलाई काममा लगाउन ससर्त अनुदानमा सहयोग पुग्ने गरी स्थानीय तहबाट निर्माण सामग्री खरिदको लागि व्यवस्था गरीनेछ।पानीपिचको कार्यमा सुचिकृत बेरोजगारलाई खटाइने छ।

८. स्थानीय स्तरमा रहेका विभिन्न संघसंस्था, निजी क्षेत्र तथा अन्य निकाय मध्यबाट सबै भन्दा बढी रोजगारी दिनेलाई पुरस्कृत गरि सम्मान गरिने छ।

९. बेरोजगारहरुको ज्ञान, सीप योग्यता, अनुभव र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरि सम्बन्धी तालिम केन्द्रमा सिफारिस गरिने छ।

१०.स्थानीय स्तरमा रोजगारी सृजनाका लागि निजी, सरकारी र गैरसरकारी क्षेत्रसंग आवश्यक सहकार्य गरी थप रोजगारी सृजना गरिने छ।

११.स्वरोजगारी बन्नका लागि बेरोजगार व्यक्तिकालाई बैंक तथा अन्य वितिय संस्थामार्फत सहुलियतपूर्ण ऋण उपलव्ध गराउन आवश्यक सहयोग गरिने छ।

१२. रोजगार सेवा केन्द्रलाई सुदृढीकरण गर्दै श्रम सूचना बैंक स्थापना गरी गाउँपालिकाको बिकास निर्माणका योजनाहरुमा सुचिकृत श्रमिकहरुलाई प्राथामिकतामा राखी काममा खटाउन जोड दिईने छ।

१३. वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित, पारदर्शी र व्यवस्थित गर्न वैदेशिक रोजगार बिभाग र श्रम कार्यालयबाट प्रदान गरिदै आएको श्रम स्वीकृति र पुनः स्वीकृतिको कार्यलाई सहजीकरणमा निरन्तरता दिई संचालन गरिने छ l वैदेशिक रोजगार बोर्डवाट प्रदान गरिने कल्याणकारी सेवाहरुमा सहजीकरण गरिने छ l

१४. वैदेशिक रोजगारी बाट फर्किएका,रोजगारी गुमाएका युवाहरूलाई सामाजिक तथा आर्थिक पुनः एकीकरणका लागि उद्यमशीलता, बिकास, सिपमुलक तालिम तथा अनुदानका कार्यक्रममा संचालन गरिने छ l

१५.बाल श्रम मुक्त पालिका घोषणा गर्न लक्षित कार्यक्रम संचालन गरिने छ ।

१६. रोजगारी सिर्जना सम्बन्धी अध्ययन अनुसन्धान गरि रोजगारको नया क्षेत्र पहिचान गरिने छ, रोजगार नक्शांकन, Job Matching को कार्य अघि बढाइनेछ l एकीकृत श्रम तथा रोजगारमुलक सेवा संचालन तथा व्यवस्थापनमा जोड दिइने छ।

**ङ. <u>उद्यम विकास सम्बन्धी नीति</u>**

१. सामाजिक परिचालन, उद्यमशिलता विकास तालिम, सीप विकास तालिम वित्तिय सेवामा पहुँच, प्रविधिमा पहुँच, बजारिकरणमा सहयोग तथा ब्यावसायिक परामर्स जस्ता ६ वटा उद्यम विकास सम्बन्धि सेवाहरुलाई एकिकृत रुपमा प्रदान गरिने छ ।

२. सामाजिक तथा आर्थिक रुपमा उत्पीडनमा पारिएका समुदाय जस्तै दलित, महिला, जनजाति, आर्थिक रुपमा विपन्न, किसान, मजदुर र वेरोजगार ब्यक्तिहरुलाई स्थानिय स्तरमा उपलब्ध श्रोत साधन र सिपमा आधारित उद्यमको माध्यमवाट रोजगारि सृजना, गरिने छ ।

३. वजारको माग, श्रोतसाधनको उपलब्धता र जनचाहानामा आधारित उद्योगहरुको स्थापना गरिने छ साथै संचालनमा ररेका उद्योगहरुको स्तरोन्नती गरिने छ ।

४. उद्योग क्षेत्रमा आवश्यक जनशक्तीको विकास र क्षमता अभिवृद्धि गरिने छ।

५. स्थानीय स्तरमै रोजगारिका अवसरहरु श्रृजना गरि गाउँपालिकालाई सम्वृद्ध बनाईने छ |

६. बर्षको उत्कृष्ट महिला उद्यमीहरुलाई पुरस्कारको ब्यबस्था गरिने छ ।

७. लामो समय देखि बन्द तथा रुग्ण अवस्थामा रहेको उद्योगहरु संचालनमा ल्याईने छ ।

८. नवप्रवर्तनमा आधारित उद्यम व्यवसायलाई प्रोत्साहित गरिने छ ।साथै नवप्रवर्तनको क्षेत्रमा काम गर्न चाहिने युवाहरुको दक्षता तथा सिपको उपयोग गरि उद्यम व्यवसाय प्रवर्द्धन गर्न विशेष कार्यक्रमहरु संचालन गरिने छ।

९. आत्मानिर्भर हुनसक्ने वस्तु तथा सेवा उत्पादन गर्ने सम्भावित उद्योगहरु पहिचान गरि त्यस्ता उद्योगहरुको विकास र स्थायित्वका लागि नीतिगत प्रबन्ध गरिने छ ।

१०. रोजगारी र उद्यमशिलता उन्मुख स्वरोजगारका लागि सिप,पूंजी र व्यावसायिक तालिम उपलब्ध गराइनुका साथै सुरुवाती व्यवसाय गर्न आवश्यक पर्ने प्रविधि हस्तान्तरण गरिने नीति लिईनेछ ।

११. गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) लाई ब्यबस्थित रुपमा संचालन गर्नकोलागि उद्योग विकास शाखाको रुपमा स्थापना गरिने छ ।

## ३. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१. बर्दगोरिया गाउँपालिकामा सामुदायीक पुस्तकालय स्थापनाको लागि पहल गरिने छ।

२. महिनाको एक चोटी हेल्लो गाउँपालिका अध्यक्ष कार्यक्रम सञ्चालन गरिने छ।

३. सञ्चार तथा सूचना प्रविधिको प्रयोगमा आम नागरिकको पहुँच अभिबृद्धी गरिने छ।

४. मोवाइल टेलिफोनको नेटवर्क राम्रो नभएको स्थानमा टेलीफोन टावर स्थापनाका लागि नेपाल टेलिकम लगायतका सेवा प्रदायक संग आवश्यक समन्वय गरिने छ।

५. बर्दगोरिया गाउँपालिका कार्यक्षेत्र भित्र कार्यरत सञ्चारकर्मिहरूको ज्ञान, सिप, क्षमता अभिवृद्धीका लागि आवश्यक तालिमको व्यवस्था गरिने छ।

## ४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. "न्याय सम्पादन ढिलो हुनु, न्याय नपाउनु सरह हो" भन्ने न्यायको सिद्धान्तलाई अंगिकार गर्दै बर्दगोरिया गाउँपालिका द्वारा बर्दगोरिया गाउँपालिका, न्यायिक समितिबाट सम्पादन हुने विवाद तथा मुद्दालाई छिटो-छरितो र पारदर्शी रुपमा सम्पादन गरिने छ ।

२. थारु आदिवासी, जनजाति, सिमान्तकृत दलित, पिछडिएको वर्ग र क्षेत्रका व्यक्तिहरुका साथै बन्चितिकरणमा परेका समुदायको न्यायमा सहज पहुँच सुनिश्चित गर्न कानुनी शिक्षा र सचेतना कार्यक्रम संचालन गरिने छ ।

३. किशोर किशोरीहरुका लागि प्रचलित कानुनी प्रक्रिया सम्बन्धमा अभिमुखीकरण कार्यक्रम संचालन गरिने छ ।

४. ६ वटै वडा कार्यालयहरुमा रहेका मेलमिलाप केन्द्रको सुदृढीकरण गरी मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडास्तरमै निरुपण गर्ने कार्यलाई थप प्रभावकारी बनाउदै "विवादको साटो मेलमिलापको बाटो" भन्ने नारालाई कार्यान्वयनमा लगिने छ।

५. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

६. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिने छन।

७. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिने व्यवस्था मिलाइने छ।

८. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेतर्फ उन्मुख बनाइने छ।

९. न्याय सम्पादनको कार्यलाई थप ब्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाई डिजिटल सिस्टम तयार गरी लागु गर्ने नीति लिइनेछ।

१०.मेलमिलाप कर्ता ,एकल, बृद्ध, अपांग, एवम पछाडी परेका बर्गहरुलाई स्थानिय सरकार संचालन ऐन, अन्य नियम कानुन सम्बन्धि ज्ञान हुने किसिमका प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने छ।

## ५. सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. विशेष प्रकारको कामको लागि कर्मचारी भर्ना गर्दा management contract, Out sourcing को माध्यम बाट कर्मचारीहरुको व्यवस्थापन गर्ने नीति लिइनेछ।

२. कार्यालय सहयोगी तथा श्रेणी विहिन कर्मचारी भर्ना गर्दा नेपाल सरकारले अवलम्वन गरेको समावेशीकरणको नीतिलाई अवलम्बन गरेर भर्ना गरिने छ।

३. नगर प्रहरी भर्नागरी गाउँपालिकाको विकास निर्माण, बजार अनुगमन, अतिक्रमण नियन्त्रण, राजस्व संकलन, विपद, उद्दार तथा राहत वितरण, न्यायीक निर्णयलाई कार्यान्वयन गर्ने कार्यमा समेत परिचालन गरिने छ।

४. गाउँपालिकाको सेवा प्रवाहमा गुणात्मक तथा परिमाणात्मक सुधारका लागि सबै विषयगत शाखालाई साधन स्रोतयुक्त बनाउदै लगिनेछ।

५. गाउँपालिकालाई आवश्यक पर्ने ऐन, कानुन, नियम,कार्यविधि, निर्देशिका, दिगदर्शन तथा मापदण्ड बनाइ विधिको शासनलाई पूर्णरुपमा कार्यान्वयन गर्दै सुशासन कायम गर्नमा जोड दिइनेछ।

६. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछयौट गर्ने कार्य अगाडी बढाईनेछ।

७. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिने छ।

८. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएको क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिने छ।

९. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ।

१०. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिने छ। सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ।

११. गाउँपालिकाबाट प्रवाह हुने प्रशासन, योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ।

१२. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१३. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिने छ।

१४. भ्रष्टचारमा शुन्य सहनसिलता नीतिलाई अवलम्बन गरिने छ।

## ६. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. खानेपानी तथा सरसफाई

१. गाउँपालिका भित्र खानेपानी वितरण प्रणालीलाई सुदृढ बनाई गाउँ बासीलाई स्वच्छ खानेपानी उपलब्ध गराइनेछ।

२. गाउँपालिका सरसफाई व्यवस्थापनमा सामुदायिक संघसंस्था, स्वयसेवी अभियन्ताहरू एवं निजी क्षेत्रलाई उत्प्रेरित गरिने छ।

३. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ । गाउँपालिका भित्र सञ्चालन हुने खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्रियाकलाप र कार्यक्रमहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (NWASH Plan) लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ।

४. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिने छ।

५. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

६. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने नीति लिइनेछ।

७. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

८. सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।

### ख. वन वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

१. वन, वातावरण लक्षित थप कानुनी आधार तय गरी वन-वातावरण प्राबिधिक मार्फत सेवा प्रवाहमा जोड दिईने छ।

२. वन क्षेत्रको अतिक्रमण न्यूनीकरण तथा रोकथामका लागि नियमित अनुगमन गर्ने, सबै सामुदायिक वनले आफ्नो वार्षिक कार्ययोजना गाउँकार्यपालिकाबाट स्वीकृत तथा अनुमोदन गराउने र सामुदायिक

वनवाट प्राप्त राजश्वमा पालिकाले थप गरी वन विकास, संरक्षण, जीविकोपार्जन, क्षमता अभिबृद्धि, सुशासन लक्षित कार्यक्रम संचालन गरिने छ।

३. सार्बजनिक क्षेत्रमा जोखिमको रुपमा रहेका रुखहरु कटान तथा व्यवस्थापनका लागि समन्वयात्मक नीति अपनाइने छ।

४. आ.व. २०८१/०८२ मा एक वडालाई वातावरणमैत्री घोषणा गर्ने र वर्ष २०८५ सम्ममा वातावरणमैत्री स्थानीय शासनका पूर्वाधार पुरा गरी वातावरणमैत्री स्थानीय तह घोषणा गर्ने गरी कार्यक्रम ल्याइने छ।

५. पूर्वाधार आयोजनाहरुको कार्यान्वियन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन लाई थप व्यवस्थित गरिने छ।

६. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिने छ

७. ताल तलैयाहरु तथा प्राकृतिक रुपमा बनेका डाडाकाडाहरुको संरक्षणमा जोड दिदै वृक्षारोपण कार्यक्रम संचालन गरिने छ।

८. वातावरण संरक्षणका कार्यक्रममा टोल विकास संस्था, नागरिक तथा निजी क्षेत्र र गै.स.स.को सहभागिता गर्दै वातारण संरक्षण सम्बन्धी योजनाहरू कार्यान्वयन गरिने छ।

९. पुर्वाधार विकास प्रकृयामा विपद् जोखिम न्यूनीकरणका अवधारणाहरुलाई पालना गर्न बिशेष पहल गरिने छ।

१०. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाई प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृद्धि गर्ने। सम्बेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिने छ।

११. पोखरी संरक्षण, पहिरो नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिने छ। भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिने छ।

१२. बर्दगोरिया गाउँपालिका मातहतको सावर्जनिक क्षेत्रमा रहेका तालतलैयाहरुको संरक्षणमा विशेष जोड दिदै आमदानी तथा उपयोगमा आउने सक्ने तालतलैयाहरुमा गाउँपालिकाले आफै ठेक्का गरी पालिकाको राजस्व वृद्धि गर्ने नीति लिएको छ ।

१३. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी वनाइनेछ।

१४. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिने छ।

१५. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

१६. बर्दगोरिया गाउँपालिका विपद् जोखिम न्यूनीकरण रणनीति योजना तथा कार्ययोजना, २०८१-०९० लाई स्वीकृत तथा अनुमोदन गर्दै सोहि अनुरुपका क्रियाकलाप संचालनमा जोड दिने नीति लिइने छ।

१७. विपद् जोखिम नियन्त्रणका लागि दमकल लगायतका साधनको खरिद तथा स्थानीय आपतकालिन संचालन केन्द्र (LEOC)को सन्चालनमा प्राथमिकता दिदै कार्यान्वयन गरिने नीति लिइने छ।

१८. स्थानीय आकस्मिक/प्रकोप व्यवस्थापन कोषको रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिने छ।साथै कोषको रकम अन्य क्षेत्रमा खर्च गर्न पूर्णरुपमा रोक लगाइने छ।गाउँपालिकाबाट प्रदान हुदै आएको क्षतिपूर्ति, राहत तथा सहयोगलाई थप व्यवस्थित गरिने नीति लिइने छ।

१९. विपद् जोखिम क्षेत्रको पहिचान र नक्साङ्कनका आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थानन कार्यक्रमहरू संचालन गरिने नीति लिइने छ।

२०. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने नीति अवलम्वन गरिने छ।विपदको समयमा हुने क्षति न्यूनीकरणका लागि विपद् व्यस्थापन तथा क्षमता अभिबृद्धि तालिम प्रदान सचालन गरिने छ।

२१. विपद् पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय गर्ने नीति अवलम्वन गरिने छ।

२२. लाघुऔषधि नियन्त्रण, सडक दुर्घटना न्यूनीकरण, आत्महत्या नियन्त्रण तथा रोकथाम सम्वन्धि जनचेतनामुलक कार्यक्रम संचालन गरिने छ।

२३. सार्वजनिक निजी साझेदारीमा निर्माण पूर्वाधार निर्माण गरी फोहोर मैला प्रशोधन केन्द्रलाई ब्यावसायिक रुपमा संचालन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी फोहोर मैला संकलन, व्यवस्थापन र उपयोगको नीति लिइने छ।

२४. विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गर्ने नीति अवलम्वन गरिने छ।

## ७. भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम

१. आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ।

२. गाउँपालिका क्षेत्र भित्रका सडक लगायत पूर्वाधारहरुको नियमित रुपमा मर्मत सम्भार तथा स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

३. पूर्वाधार विकासलाई दिगो र भरपर्दो बनाउन श्रममुलक, वातावरणमैत्री, सहभागीतात्मक प्रणाली अपनाइने छ । साथै लागत सहभागीता जुट्ने योजनाहरु मात्र उपभोक्ता समितिबाट संचालन गरिने छ।

४. गाउँपालिकामा आयोजना बैंकको स्थापना गरी क्रमशः कार्यान्वयन गरिने छ।

५. गाउँपालिका भित्र संचालन हुने अटो रिक्साका लागि व्यवस्थिथ पार्किङ तथा बिसौनीको व्यवस्था गरिने छ ।

६. सम्झौता अगावै गुणस्तरीय निर्माण कार्य गर्ने निर्माण कम्पनी तथा निर्माण व्यवसायीहरुलाई पुरस्कृत गर्ने र समयमा काम सम्पन्न नगर्ने निर्माण कम्पनी तथा निर्माण व्यवसायीहरुलाई दण्ड जरिवाना गरी कालो सूचीमा राख्न सिफारिस गरिने छ ।

७. उपभोक्ता समिति मार्फत संचालन हुने योजनाका उपभोक्ता समितिलाई योजना निर्माण पुर्वको तालिम लिए पश्चात मात्र योजना सम्झौता र योजना कार्यान्वयन गर्ने व्यवस्था गरिने छ ।

८. दिर्घकालिन लगानी मार्गदर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

९. आवासको हकलाई सुनिश्चित गर्न सुरक्षित तथा रोजगारीको समेत ब्यवस्था हुन सक्ने स्थानमा जग्गा प्राप्त गरी सहुलियत आवास योजना कार्यान्वयन गरिने छ । यसका लागि निजीक्षेत्र संग साझेदारी समेत गर्न सकिनेछ ।

१०. एकिकृत शहरी तथा वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

११. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिने छ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

१२. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिने छ।

१३. राष्ट्रिय भवन संहितालाई पूर्णरुपमा कार्यान्वयनमा ल्याइने छ ।

१४. गाउँपालिका क्षेत्र भित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नुपर्ने नीति लिइनेछ। आवासीय भवनमा "एक घर-एक विरुवा" नीति लागू गरिने छ ।

१५. गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

१६. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिने छ।

१७. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिने छ ।

१८. "एक वडा-एक पार्क" निर्माणको लागि आवश्यक पहल गरिने छ ।

१९. प्रभावकारी सम्पति ब्यवस्थापनका लागि सम्पति ब्यवस्था सूचना प्रणाली (PAMS) प्रभावकारी कार्यान्वयन गरिने छ ।

२०. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिने छ ।

२१. सहरी सडक निर्माण गर्दा पहिलो प्राथमिकतामा पक्की नाली निर्माण गर्ने नीति लिइने छ ।

२२. यस पालिकामा रहेका प्राविधिकहरुको क्षमता अभिवृद्धि गर्ने प्रयोजनको लागि क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिने छ ।

२३. यस पालिकामा विगत र निर्माणाधिन अवस्थामा रहेका योजनाहरुको लागि दिगो बनाउन मर्मत सम्भार कोष बनाइने छ ।

२४. योजनाहरुको छनौट, प्राथमिकीकरण सामाजिक न्याय तथा समावेशीका आधारमा योजना प्राथमिकता दिने प्रक्रियालाई निरन्तरता दिइने छ ।

२५. नदी नियन्त्रणका लागि सबै नदीहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिने छ ।

२६. समग्र बर्दगोरिया गाउँपालिकाको विकासको लागि गुरु योजनाको निर्माण तथा आवश्यक बजेट तथा कार्यक्रम तर्जुमा गरिने छ ।

२७. पूर्वाधारका संरचनाहरु विपद् एवम् जलवायु परिवर्तनको प्रभाव कम हुने गरी डिजाइन गर्ने नीतिको अवलम्बन गरिने छ ।

२८. गाउँपालिका र RDN संस्थाको लागत साझेदारीमा बर्दगोरिया गाउँपालिकाका मुक्त कमैयाहरुका लागि सुरक्षित आवास निर्माण गर्ने कार्य अगाडी बढाइने छ।

## ८. कर सेवा शुल्क राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिने छ।

२. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

३. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिने छ।

४. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिने छ।

५. विगतदेखि लिज वा वहालमा लगाइएका गाउँपालिकाको स्वामित्वमा रहेका संरचनाहरुको हाल प्रचलित बजार दर समेतलाई आधार मानी बहाल रकम पुनरावलोकन गरिने छ।

६. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिने छ।

७. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।

८. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

९. अव्यवस्थित वसोवासीहरुलाई लगाउदै आएको घरधुरी करलाई निरन्तरता दिइनेछ। घरको संरचना र प्रकृति अनुसार दरहरुको प्रगतिशिल पुनरावलोकन गरिने छ।

१०.गाउँपालिकाबाट लिइने कर,राजश्व तथा सेवा शुल्क आदि व्यवस्थित र नियमित गरिने छ।हाम्रो गाउँ हाम्रो कर, समृद्ध गाउँ बनाउ भन्ने नारालाई साकार पार्न नियमिति कर तिर्ने करदातालाई बार्षिक रुपमा सम्मान गरिने छ।

११.प्रगतिशील कर प्रणालीका आधारमा करको दायरा बढाइनेछ।

१२.एकिकृत सम्पत्ती कर र बहाल विटौरी करलाई व्यवस्थित रुपमा लागु गरिने छ।

१३.मालपोत तथा भूमिकर भूमि वर्गीकरणको आधारमा निर्धारण गरी लागु गरिने छ।

१४.घर नक्सा पास, प्रमाणीकरण, अभिलेखीकरण, कर राजस्व भुक्तानी र कुनै पनि सिफारिस लिने प्रयोजनका लागि प्रदान गरिने नागरिक सेवालाई सहज र व्यवस्थित बनाइनेछ । उत्पीडित, दलित, विपन्न तथा गरिब र अपांग भएका प्रमाणित गर्न गरिने सिफारिसलाई निशुल्क गरिने छ ।

१५.घरभाडाको क्षेत्र तोकी न्यूनतम दररेट निर्धारण गरी घरबहाल कर लिइनेछ । साथै गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण घर बहालमा दिने घरधनी र व्यवसायीहरुको तथ्यांक अद्यावधिक गरि राखिनेछ।

१६.मुक्त कमैया, मुक्त हलिया, सुकुम्बासी, शहिद तथा वेपत्ता परिवार र द्वन्द पिडितहरुलाई व्यवसाय दर्ता निशुल्क गरिने छ ।

१७. करदाताहरुलाई आवश्यकता अनुसार करदाता शिक्षा तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ।

१८. बर्दगोरिया गाउँपालिका भित्रको जग्गालाई आवसीय र खेती योग्य गरी दुई भागमा वर्गिकरण गर्ने व्यवस्था मिलाइनेछ।

१९. यस पालिकालाई आफ्नो कार्यक्षेत्र बनाइ कार्यरत गैर सरकारी संस्थाहरुले एकद्वार प्रणाली मार्फत आफ्नो बजेट तथा कार्यक्रम समयमै पेश गर्नको लागि व्यवस्था मिलाइनेछ।

२०. कर तथा गैर कर राजश्व अनुगमन कार्यलाई कडाईका साथ लागू गर्न अनुगमन टोली गठन गरी परिचालन गरिने छ।

२१. गाउँ कार्यपालिकाको कार्यालय संचालन तथा प्रशासनिक खर्चलाई मितव्ययी बनाउदै गाउँपालिकाको आन्तरिक स्रोतले चालु खर्च धान्ने नीति अवलम्बन गरिने छ।

२२. गाउँपालिका क्षेत्रभित्र पर्ने नदी तथा सार्वजनिक स्थलबाट बालुवा, ग्रावेल, माटो र ढुङ्गा उठाउने कार्यलाई दिगो बनाइने नीति लिइने छ।

धन्यवाद।

कर्ण बहादुर कुंवर
अध्यक्ष
बर्दगोरिया गाउँपालिका कार्यालय   मुडा, कैलाली
मितिः २०८१ साल अषाढ ०९ गते
बर्दगोरिया गाउँपालिका आ.व.२०८१/०८२ को

# बर्दगोरिया गाउँपालिका आ.व. २०८१/८२ को
# बजेट वक्तव्य

**गाउँपालिकाका उपाध्यक्ष श्री गणेश राज गिरीबाट मिति २०८१ असार ०९ गते आइतबारका दिन गाउँ सभाको चौधौं अधिवेशनमा प्रस्तूत आ.व. २०८१/०८२ को बजेट वक्तव्य**

**गाउँ सभाका अध्यक्ष महोदय,**
**गाउँ सभाका सदस्यहरु,**

१. नेपालको संविधानको धारा २३० मा उल्लेखित प्रत्येक आर्थिक वर्षको राजश्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम गाउँ सभामा पेश गरी पारित गराउनु पर्ने र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम आगामी आर्थिक वर्षको राजश्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गते भित्र सभामा पेश गर्नु पर्ने व्यवस्था भए बमोजिम यस गरिमामय गाउँ सभाको चौधौं अधिवेशनमा बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु । गाउँपालिका बासीका सुशासन विकास र समृद्धी सम्बन्धी आकांक्षालाई सम्बोधन गर्ने गरी तयार पारिएको आगामी आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम यस सम्मानित गाउँ सभाको अधिवेशनमा प्रस्तुत गर्न अनुमति चाहन्छु।

२. ऐतिहासिक जनआन्दोलन तथा संघर्षहरुमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जलि अर्पण गर्नुका साथै सहिद परिवारजनमा उच्च सम्मान प्रकट गर्दछु। मुलुकको सार्वभौमिकता, स्वाधिनता, अखण्डता तथा स्वाभिमानको रक्षा गर्दै राष्ट्रिय एकता लोकतन्त्र, सामाजिक न्याय, समानता, विकास, सम्वृद्धि, सुशासन र समतामूलक राष्ट्र निर्माणका लागि संघर्ष गर्नुहने जनआन्दोलनका घाइते तथा बेपत्ता नागरिक एवम् अन्य सम्पूर्ण नेपाली नागरिक र नेत्रित्व गर्नुहुने आदरणीय अग्रज व्यक्तित्वहरुको योगदानको स्मरण गर्न चाहन्छु ।

३. प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानमा उल्लेखित स्थानीय तहका एकल तथा साझा अधिकार, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, पन्ध्रौं आवधिक योजना, सुदूरपश्चिम प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन , दिगो विकासका लक्ष्य, गाउँपालिकाबाट समय-समयमा जारी भएका नीति तथा कानून, गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम लगायत नेपाल सरकार र सुदूपश्चिम प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमलाई आधार लिएको छु। बजेट तथा कार्यक्रम तर्जुमाका क्रममा राजनैतिक दल, राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा योजना तर्जुमा समिति, विषयगत समिति, कार्यपालिकाका सदस्य, विषयगत शाखाको राय, सल्लाह तथा सुझावलाई मार्ग दर्शनको रुपमा लिई निजी तथा सहकारी क्षेत्र, स्थानीय विज्ञ तथा गाउँबासीबाट प्राप्त राय, सुझावलाई समेत समावेश गरेकोछु।

४. आगामी आर्थिक वर्ष २०८१।८२ का लागि प्रस्तुत यो बजेट स्थानीय तहको दोस्रो निर्वाचन पश्चात जनअनुमोदित स्थानीय सरकारका जनप्रतिनिधिहरुको कार्यकालको तेस्रो बजेट हो । यसको

कार्यान्वयनबाट बर्दगोरिया गाउँपालिकाको समग्र विकास, सुशासन, प्रभावकारी सेवा प्रवाह एवम् समृद्धीको गाउँपालिका बासीको चाहानालाई पुरा गर्ने विश्वास लिएको छु।

५. प्रस्तुत बजेट तथा कार्यक्रम तर्जूमा गर्दा आय बमोजिमको प्रभाबकारी व्यय गरी गाउँपालिकाको समृद्धि तर्फको यात्रा पुरा गर्न आ.व २०८१/८२ को नीति तथा कार्यक्रमको प्रथमिकताको आधारमा बजेट विनियोजन हुने व्यवस्था मिलाएको छु ।

**गाउँ सभाका अध्यक्ष महोदय,**
**गाउँ सभाका सदस्यहरु**,

अब म यहाँहरु समक्ष गत आर्थिक वर्ष २०७९/८० को यथार्थ आय व्ययको जानकारी गराउने अनुमति चाहन्छु।

६. गत आर्थिक वर्ष २०७९/८० मा आन्तरिक स्रोतबाट १ करोड ७३ लाख १७ हजार ८ सय ३२, अन्तरसरकारी वित हस्तान्तरण एवम् राजश्व बाँडफाँडबाट ४१ करोड ५४ लाख २० हजार ६० र सरी आएको मौज्दात १८ करोड ८१ लाख ६२ हजार २ सय ८१ गरी कुल ६२ करोड ९ लाख १ सय ६४ आम्दानी भएको देखिन्छ। यसैगरी, व्यय तर्फ कुल ४८ करोड ७२ लाख २४ हजार २ सय ७२ मध्ये चालु तर्फ २८ करोड १८ लाख १९ हजार २ सय ६१, पुँजीगत तर्फ २० करोड ५४ लाख ५ हजार ११ रहेको देखिन्छ।

**गाउँ सभाका अध्यक्ष महोदय,**
**गाउँ सभाका सदस्यहरु,**

अब म चालु आर्थिक वर्ष २०८०/८१ को जेठ मसान्त सम्मको संसोधीत आय व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

७. चालु आर्थिक वर्ष २०८०।८१ को प्रक्षेपित कुल आय रु. ७९ करोड ८६ लाख १३ हजार १ सय २४ मध्ये आर्थिक वर्षको जेठ मसान्त सम्म रु. ५५ करोड १७ लाख ४५ हजार ६ सय ५४ प्राप्त भएकोछ । जसमध्ये, आन्तरिक स्रोतबाट १ करोड ३६ लाख २७ हजार ३२, अ.ल्या रु ९ करोड र । अन्तरसरकारी वित्तीय हस्तान्तरण रु २७ करोड ४१ लाख ५९ हजार २ सय ३२, राजश्व बाँडफाँडबाट रु. ७ करोड ११ लाख ४६ हजार ४ सय ९५ एवम् समाजिक सुरक्षा तर्फ १० करोड २८ लाख १२ हजार ८ सय ९५ प्राप्त भएको छ।

८. त्यसैगरी, चालु आर्थिक वर्ष २०८०।८१ को जेठ मसान्तसम्म रु. ४४ करोड ७६ लाख ३१ हजार ९ सय ४९ खर्च भएकोछ। जुन अनुमानित खर्चको ५९.३ प्रतिशत मात्र हुन जान्छ। जेठ मसान्तसम्म भएको कूल खर्च मध्ये चालु तर्फ रु. २३ करोड ३२ लाख ६३ हजार ९ सय ३३ अर्थात ६८.५२ प्रतिशत र पूँजिगत तर्फ रु. ११ करोड १५ लाख ५५ हजार १ सय २० अर्थात करिब ४७ प्रतिशत खर्च भएको छ। चालु खर्चमा सामाजिक सुरक्षा कार्यक्रम रु. १० करोड २८ लाख १२ हजार ८ सय ९५ समावेश गरिएको छैन।

**गाउँसभाका अध्यक्ष महोदय,**

**गाउँसभा सदस्यहरू**

अब म बजेट प्रणालीमा देखा परेका बजेट प्रणालीका प्रमुख चुनौतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- बढ्दो खर्चको तुलनामा स्रोतको प्रवन्ध तथा सन्तुलन मिलाउनु ।
- आन्तरिक राजस्वलाई अभिवृद्धी गर्नु ।
- नेपाल सरकार एवम् प्रदेश सरकारको वित्तिय समानिकरण अनुदान, राजस्व बाँडफाँडमा आएको संकुचनले गर्दा प्राथमिकताका योजना एवम् कार्यक्रमहरु सञ्चालन गर्नु ।
- चालु खर्चलाई वाञ्छित सिमा भित्र राखी पूँजिगत खर्च वढाउनु।

**गाउँसभाका अध्यक्ष महोदय,**

**गाउँसभा सदस्यहरू**

९. माथी उल्लेखित चुनौतिहरूलाई मनन गर्दै गाउँपालिकाको समग्र विकास गर्न आ.व. २०८१/८२ को बजेटका उद्देश्य तथा प्रथमिकताहरू देहाय बमोजिम तय गरी प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**बजेटका उद्देश्यहरू**

- कृषिको विविधिकरण, बजारीकरण, आधुनिकरण, यान्त्रिकीकरण एवम् व्यवसायीकरणमा जोड दिदै रोजगारी सृजना गर्नु ।
- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाईमा गुणस्तरियता एवम् सबैको समान पहुच कायम गर्न ।
- सार्वजिनिक सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउनु।
- दिगो पूर्वाधार निर्माणमा जोड दिनु ।
- सुशासन, समाजिक न्याय र आर्थिक समृद्धि हासिल गर्नु ।

**बजेटका प्राथमिकताहरू**

- गुणस्तरिय शिक्षा, स्वास्थ्य एवम् स्वच्छ खानेपानी ।
- गुणस्तरिय भौतिक पूर्वाधार निर्माण, वातावरण संरक्षण एवम् विपद व्यवस्थापन ।
- कृषि, पर्यटन एवम् सहकारी क्षेत्रको विकास ।
- महिला, बालबालिका, अपाङ्गता एवम् ज्येष्ठ नागरिकको सम्मान संरक्षण एवम् सशक्तीकरण ।
- सुशासन, प्रभावकारी सेवा प्रवाह, सूचना प्रविधिको विकास एवम् गरीवी निवारण ।

**गाउँ सभाका अध्यक्ष महोदय,**

**गाउँ सभाका सदस्यहरु,**

१०. आर्थिक वर्ष २०८१।८२ को बजेटले निर्धारण गरेका उद्देश्य एवम् प्राथमिकता मुताविक कार्यसञ्चालन गर्न देहाय बमोजिम सुधारको प्रस्ताव गरेकोछु।

(क) वस्ती टोल हुँदै वडास्तरबाट प्राथमिकरण सहित माग भई आएका आयोजनालाई प्राथमिकताका साथ छनोट गर्ने व्यवस्था मिलाईनेछ ।

(ग) अल्पसंख्यक समुदाय, दलित, महिला, अपाङ्गता भएका नागरिक, पिछडा वर्गहरुको हित, उन्नति र प्रगतीका लागि सकारात्मक विभेद एवम् समाजिक न्यायको सिद्धान्त अवलम्बन गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

(घ) ठूला आयोजनाहरु, जस्तै; सडक, पार्क, पर्यटकीय पूर्वाधार विकासको काम गर्दा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर), वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गा प्राप्ति लगायतका आवश्यक सबै तयारी पूरा गरेर मात्र बजेट विनियोजन गरी कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।

(ङ) बहुवर्षीय आयोजना सञ्चालन गर्दा स्रोतको सुनिश्चितता गरेर मात्र सञ्चालन गर्ने नीति लिईनेछ।

(च) आयोजनाको ठेक्का लिई तोकिएको समय अगावै काम सम्पन्न गर्ने निर्माण व्यवसायीलाई प्रोत्साहन गरिनेछ।

(छ) गाउँपालिकाको दिगो विकास, उन्नति र समृद्धिका लागि नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, एवम् सरकारी तथा गैहसरकारी संस्थाहरुसँग सहकार्य गरी कार्यक्रममा दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ।

(ज) प्रस्तुत बजेट तथा कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक कार्यविधिगत तयारी आगामी भाद्र महिनाभित्र सम्पन्न गरी तत्काल कार्यक्रम कार्यान्वयनमा लैजाने वातावरण सिर्जना गरिनेछ।

(झ) गाउँपालिकाबाट सञ्चालन हुने सबै प्रकारका कार्यक्रमहरुको नियमित रुपमा अनुगमन गरी गराई पृष्ठपोषण लिने र प्राप्त पृष्ठपोषण बमोजिम सुधार गर्दै लैजाने व्यवस्था मिलाईनेछ।

(ञ) चालु खर्चलाई वाञ्छित सिमा भित्र राखी पूँजीगत खर्च बढाउने व्यवस्था मिलाइने छ।

**गाउँ सभाका अध्यक्ष महोदय,**

**गाउँ सभाका सदस्यज्यूहरु,**

अब म गाउँपालिकाको आ.व. २०८१/०८२ का लागि प्रस्तावित राजस्व र खर्च विवरण यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

११. आर्थिक वर्ष २०८१/०८२ का लागि कूल आय रु. ८० करोड १ लाख हुने अनुमान गरिएको छ। कूल खर्चमा चालु तर्फ रु. ५७ करोड ४ लाख ५० हजार र पूँजीगत तर्फ रु. २२ करोड ९६ लाख ५० हजार खर्च हुने अनुमान गरिएकोछ। कूल आय तथा व्ययको श्रोत र क्षेत्रगत विवरण निम्न अनुसार रहेको छ।

**आय तर्फः**

• आन्तरिक आय :- रु. ३ करोड ३६ लाख ६० हजार
• राजश्व बाँडफाँड :- रु. १२ करोड २२ लाख
• अन्तर सरकार वित्तीय हस्तान्तरण (नेपाल सरकार) :- रु. ३७ करोड २३ लाख ८१ हजार
• अन्तर सरकार वित्तीय हस्तान्तरण (प्रदेश सरकार): रु. २ करोड ८० लाख २० हजार
• सरी आएको मौज्दात :- रु. २ करोड

सामाजिक सुरक्षा तर्फःरु २३ करोड ८१ लाख १९ हजार।

कूल जम्मा आय :- रु. ८० करोड १ लाख ।

**व्यय तर्फः**

• चालु खर्च तर्फ रु. ३३ करोड ७६ लाख ११ हजार
• पूँजीगत खर्च तर्फ :- रु. २२ करोड ९६ लाख ५० हजार
• कुल खर्च :- रु. ५६ करोड ७२ लाख ६१ हजार (सामाजिक सुरक्षा बाहेक)

१२. आगामी आर्थिक वर्षका लागि अनुमानित आय र व्ययको रकम बराबर हुने गरी विनियोजन गरेको छ। प्रस्तुत बजेटको अनुमान सन्तुलित बजेटको सिद्धान्त अनुसार आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रममा आधारित भएर तर्जुमा भएको हो। साथै यस पालिकाको क्षेत्रगत बजेट देहाय वमोजिम रहेको व्यहोरा यस सम्मानित गाउँ सभा समक्ष जानकारी गराउन चाहन्छु।

- आर्थिक विकास तर्फः १ करोड ५० लाख ( जुन कुल बजेटको २.६४% हो)
- सामाजिक विकास तर्फः २७ करोड (जुन कुल बजेटको ४७.९८% हो)
- पूर्वधार विकास तर्फः १२ करोड १२ लाख ६१ हजार (जुन कुल बजेटको २१.३७% हो)
- सुशासन तथा अन्तरसम्बन्धित तर्फः ६० लाख (जुन कुल बजेटको १.०६% हो)
- कार्यालय संचालन तथा प्रशासनीक तर्फः १५ करोड ५० लाख (जुन कुल बजेटको २७.३७% हो)

१३. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य प्रचलित कानून बमोजिम मैले सम्मानित गाउँ कार्यपालिकाको २४ औं बैठकको सर्वसम्मत निर्णय बमोजिम आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि बजेट तथा कार्यक्रम तर्जुमा गरी यस सम्मानित गाउँ सभा समक्ष प्रस्तुत गरेको छु। बजेटको विस्तृत विवरण यसै साथ संलग्न अनुसुचिहरुमा रहेको व्यहोरा यस सम्मानित गाउँसभा समक्ष जानकारी गराउन चाहन्छु।

१४. अब म सम्मानित गाउँ सभा समक्ष मैले माथि प्रस्तुत गरेको गाउँपालिकाको गत वर्ष २०७९/८० को यथार्थ आय र व्यय, चालु आर्थिक वर्ष २०८०।८१ को संसोधित आय र व्यय, आगामी आर्थिक वर्ष २०८१/८२ को अनुमानित आय र व्ययको विवरण सम्मानित गाउँसभामा घनिभूत छलफल भै पारित हुनका लागि प्रस्ताव गर्दछु ।

त्यसैगरी, आगामी आर्थिक वर्ष २०८१/०८२ को प्रस्तावित आर्थिक विधेयक २०८१ र विनियोजन विधेयक २०८१ उपर छलफल गरी पारित गरियोस् भनी प्रस्ताव गर्दछु।

१५. आगामी आर्थिक वर्षमा कार्यान्वयन हुन पेश भएका उल्लिखित दुवै विधेयकहरु आर्थिक विधेयक २०८१ र विनियोजन विधेयक २०८१ उपर समेत छलफल गरी पारित गर्न र आगामी आर्थिक वर्षका लागि ऐनको रुपमा कार्यान्वयन गर्न ती दुबै विधेयकलाई यस सम्मानित गाउँ सभा समक्ष पेश गर्दछु।

**गाउँ सभाका अध्यक्ष महोदय,**

**गाउँ सभाका सदस्यहरु,**

१६. यस गाउँ सभामा प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को कार्यक्रम तथा बजेट विवरणमा सामान्य भाषिक र अंक गणितीय त्रुटिहरु रहेका हुन सक्छन्। यसको लागि सम्मानित गाउँ सभा समक्ष क्षमायाचना गर्दै यदि त्यसो हुन गएको देखिएमा सच्याउनका लागि गाउँ कार्यपालिका मार्फत सम्मानित गाउँ सभा समक्ष सादर अनुमति माग गर्दछु।

१७. आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम स्वीकृतिको लागि गाउँ कार्यपालिकाको गत आर्थिक वर्ष २०७९।८० को यथार्थ आय व्यय तथा चालु आर्थिक वर्ष २०८०।०८१ कार्यक्रमगत खर्च समर्थनको लागि समेत पेश गर्दछु।

**गाउँ सभाका अध्यक्ष महोदय,**

**गाउँ सभाका सदस्यहरु,**

१८. प्रस्तुत कार्यक्रम तथा बजेट तर्जुमाका लागि आफ्नो अमूल्य राय, सुझाव दिनु हुने गाउँ कार्यपालिकाका सदस्यहरू, सबै विषयगत समितिका संयोजक एवम् सदस्यहरु लगायत सबै विज्ञ महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । बजेटको नीति, सिद्धान्त र प्राथमिकतामा घनिभूत छलफल गरी प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सुझाव, सल्लाह दिनु हुने गाउँ कार्यपालिकाको कार्यालयका सम्पूर्ण कर्मचारी मित्रहरु, विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरू, करदाता, उद्यमी, व्यापारी, व्यवसायी, समाजसेवी, ज्येष्ठ नागरिक, नागरिक समाजका अगुवा, पत्रकार मित्रहरु लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

१९. अन्त्यमा हामीबाट प्रस्तुत भएको आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रमका प्राथमिकता कार्यक्रमहरु साँझेदारी र सहकार्यमा कार्यान्वयनका लागि सहयोग गरि दिनु हुन नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, राजनीतिक दल, सम्पूर्ण बुद्धिजीवी एवम् प्रबुद्ध वर्गहरु, आम गाउँपालिका बासी आमा बुवा दाजु भाई दिदी बहिनीहरु, मतदाता, निजी क्षेत्र, गाउँपालिका सम्पूर्ण कर्मचारी, संचार जगत, नागरिक समाज लगायत स्रोत परिचालन, कानूनी सहायता, प्राविधिक तथा परामर्श क्षेत्रमा क्रियाशिल संघसंस्थाहरु समक्ष हार्दिक अनुरोध गर्दछु।

**असार ९ आइतबार २०८१**

**गणेशराज गिरी**
**उपाध्यक्ष**
**बर्दगोरिया गाउँपालिका**